# कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक २०५५ र २०६५ को तुलनात्मक अध्ययन विश्लेषण

शोभा कुमारी फुयाल,
प्रशिक्षक, नेपाली विषय, नेपाल खुला विश्वविद्यालय, ललितपुर ।
shova.phuyal@gmail.com

**लेखसार**

*प्रस्तुत लेख भाषा पाठ्यपुस्तकको तुलनात्मक अध्ययन विश्लेषणमा आधारित रहेको छ । यस लेखमा कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तक २०५५ र सोही कक्षाको नेपाली भाषा पाठ्यपुस्तक २०६५ को आन्तरिक र बाह्य आधारमा र पाठ्यक्रमअनुरूपकताका आधारमा दुवै पाठ्यपुस्तकको विधावितरण तथा प्रस्तुति का दृष्टिले तुलना गरी सबल र दुर्बल पक्ष पत्ता लगाई सुझाव दिनु मूलभूत उद्देश्य रहेको छ । यो अध्ययन मूलतः वर्णनात्मक अनुसन्धान विधिमा आधारित रहेको छ । यस लेखमा सामग्री सङ्कलनका क्रममा द्वितीय स्रोत विधि अपनाइएको छ । यस लेखमा प्रयोग भएका मुख्य विधिहरूमा पुस्तकालय विधि, तुलनात्मक विधि र पाठ्यक्रमअनुरूपता अध्ययन विधि रहेका छन् । यस क्रममा मुख्यतः विभिन्न लेख, रचना तथा पाठ्यपुस्तकबाट अनुसन्धान विषयसँग सम्बद्ध पूर्वकार्यहरू सन्दर्भ पुस्तक लेख प्रतिवेदन आदिमा प्रकाशित लगायतका सामग्री उपयोग गरिएको छ । कक्षा दशको २०५५ को र २०६५ को पाठ्यपुस्तक निर्माणका क्रममा विधा र पाठको चयनमा पाठ्यक्रमअनुरूपताको कमी देखिन्छ साथै विधा र पाठ्यभार शब्दसङ्ख्या नमुना अभ्यास आदिमा सन्तुलन देखिँदैन । दुवै पाठ्पुस्तकमा शिक्षण प्रक्रिया उल्लेख भए तापनि शिक्षण विधि छुट्टै रूपमा उल्लेख गरिएको छैन । साथै विधा वितरणमा एकरूपता छैन । अक्षरको आकार ठाँउ छोडाइ छपाइ आदिका दृष्टिले २०५५ को पाठ्यपुस्तक भन्दा २०६५ को पाठ्पुस्तक उत्कृष्ट छ । प्रस्तुत अध्ययन भाषा पाठ्यपुस्तकको तुलनात्मक अध्ययन विश्लेषण गर्न चाहने भाषाविज्ञ, भाषाका विद्यार्थी, भाषा पाठ्यपुस्तक निर्माण गर्ने संस्थालाई समेत उपयोगी हुने विश्वास लिइएको छ।*

**मुख्य शब्दावली:** भाषा पाठ्यपुस्तक, पाठ्यक्रमअनुरूपता, विधावितरण, आन्तरिक पक्ष, बाह्य पक्ष ।

## पृष्ठभूमिः

नेपाल विभिन्न जाताजति, भाषाभाषि र समुदायको समष्टि रूप हो । अनेकतामा एकता भएको साना मुलुकहरूका पङ्क्तिमा पर्ने नेपाल स्वतन्त्र हिमाली अधिराज्य पनि हो । यहाँको हावापानी भूगोल, भाषा, धर्म र संस्कृति जातजाति उनीहरूका पेसामा विविधता पाउन सकिन्छ । भौगोलिक रूपमा सानो भए पनि भाषिक दृष्टिले नेपाल एक समृद्ध मुलुक हो । पछिल्लो राष्ट्रिय जनगणना २०६८ अनुसार यहा १२४ भन्दा बढी भाषा बोलिन्छन् । नेपालको संविधान, २०७२ को भाग १ धारा ६ र ७ का साथै भाग ३ को धारा ३१ र ३२ मा भएका भाषा सम्बन्धी व्यवस्था महत्वपूर्ण रहेका छन् । नेपालको संविधानको धारा ७ मा देवनागरीक लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुनेछ भनिएको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार नेपाली भाषाका वक्ता सङ्ख्या ४४.६ प्रतिशत रहेका छन् ।

नेपाली भाषाको अभिलेखको रूपमा वि.सं. १०३८ को दामुपालको सउपाल अडैले लेखेको पाइएको अभिलेखबाट जारी गरेको अभिलेखको अंशको आधारमा भएको पाइन्छ (ढकाल, २०६७ : ३२४) । नेपालको इतिहासमा एघारौं शताब्दीदेखि नेपाली भाषाको प्रयोग हुँदै आए तापनि वि.सं. १३१२ को शिलालेखबाट नै यसको लिखित रूप प्राप्त भएको पाइन्छ । त्यसपछि क्रमशः बिस्तारै-बिस्तारै नेपाली भाषाले लोकप्रियता हासिल गर्दै आयो । यसै क्रममा नेपालमा नेपाली भाषाले राष्ट्रभाषा, साझा सम्पर्क भाषा, शिक्षा सञ्चार प्रशासन तथा प्रशासनको माध्यम भाषा बन्ने सौभाग्य पाएको छ । मेचीदेखि महाकालीसम्म नेपालमा

मातृभाषा र दोस्रो भाषाका रूपमा नेपाली भाषा प्रयोग गरिन्छ । यसका साथै भारतका विभिन्न राज्यहरू र भुटान, बर्मा आदि देशमा समेत नेपाली भाषी वक्ताहरू पाइन्छन् । भुटानमा त परापूर्व कालदेखि नै नेपाली भाषी भुटानीहरूले काशी र काशीका आसपासका क्षेत्रहरूमा गएर शिक्षा ग्रहण गर्ने प्रक्रियाले भुटानमा नेपाली भाषा र साहित्यको विकास भएको पाइन्छ साथै कतिपय सरकारी कागजातहरू नेपाली भाषामा नै चलाइन्थ्यो र सरकारी ऐन र प्रतिवेदनहरू नेपाली मै रूपान्तरण गरेर प्रकाशित भएको पनि पाइन्छ र यो भाषा अन्तर्राष्ट्रिय स्तरसम्म व्यापक भएको पाइन्छ ।

नेपाली भाषा पाठ्यपुस्तकको विकासक्रमलाई हेर्दा वि.सं. १९५८ मा देवशमसेरले खोलेको भाषा पाठ्शालामा अक्षराङ्क शिक्षा पाठ्यपुस्तकबाट विद्यालयहरूमा नेपाली भाषाले औपचारिक प्रवेश पाएको हो । वि.स १९९० मा गोर्खा भाषा प्रकासिनी समितिको स्थापना पछि भाषा पाठशालाका लागि शिशुबोधिनी, गोरखा शिक्षा जस्ता पाठ्यपुस्तकहरू प्रकासन गरेपछि भाषा पाठ्यपुस्तकका रूपमा नेपाली भाषालाई समावेश गरेर अगाडि बढेको पाइन्छ । वि.सं. १९९० सालमा एस.एल.सी. बोर्डको स्थापनापछि माध्यमिक स्तरमा पनि नेपाली भाषा पाठ्यपुस्तकले ऐच्छिक विषयमा औपचारिक रूपमा समावेश भएर अध्ययन अध्यापनमा सहयोग पुऱ्यायो । वि.सं. २००८ सालमा पचास पूर्णाङ्कको अनिवार्य नेपाली माध्यमिक तहमा समावेश गरियो । त्यसपछि समय सापेक्ष रूपमा नेपाली भाषाको पाठ्यक्रम तथा पाठ्यपुस्तक परिवर्तन हुँदै आएको छ । वि.सं. २०२८ सालको राष्ट्रिय शिक्षा पद्धतिको योजनाले माध्यमिक तहमा सय पुर्णाङ्कको अनिवार्य नेपालीको व्यवस्था गरेको थियो । यसरी समयानुकुल बनाउदै लैजाने उद्देश्यले विभिन्न समयमा गठन भएका आयोगहरूले नेपाली भाषालाई पनि छुट्टै अनिवार्य विषयका रूपमा विद्यालयका पाठ्यक्रममा समावेश गर्दै आएका छन् । वर्तमान सन्दर्भमा पूर्व प्राथमिक तह देखि स्नातक तहसम्म नेपाली विषयलाई अनिवार्य गरिएको छ । हाल नेपाली भाषामा विभिन्न किसिमका अनुसन्धान गर्ने काम समेत हुँदै आएको छ ।

यसरी विकसित हुँदै आएको नेपाली भाषालाई थप उचाइमा पुऱ्याउन पाठ्यपुस्तक निर्माणमा नेपाल सरकारले स्वीकृत गरेका पाठ्यक्रमअनुसार नियमानुसारको प्रक्रिया पूरा गरी शिक्षा नियमावली २०५९ को नियम ३४ अनुसार पाठ्यक्रम विकास केन्द्रले विद्यालयमा अध्यापन गराउने पाठ्यपुस्तकको एक प्रति तयार गर्नुपर्छ । यस व्यवस्थाअनुसार केन्द्रले तयार गरेको PRC (Print Ready Copy) जनक शिक्षा सामग्री केन्द्रमा मुद्रण गरिन्छ र देश भरिका विद्यालयमा वितरण गरिन्छ । यसरी नै विद्यालय तहका सबै कक्षाका विषयगत पाठ्यपुस्तकहरू निर्माण गरी अनिवार्य विषयको रूपमा लागू गरिएको छ । लागू गरिएका पाठ्यपुस्तककहरू स्तरअनुसार पाठ्यक्रमअनुरूपकताका आधारमा निर्माण भएका छन् छैनन् भनी अध्ययन अनुसन्धान तथा तलुना हुनु आवश्यक छ । त्यसैले माध्यमिक तहअन्तर्गत कक्षा १० मा पहिला प्रयोग भएको नेपाली भाषा पाठ्यपुस्तक २०५५ र संशोधित नेपाली भाषा पाठ्यपुस्तक २०६५ बिच पाठ्यपुस्तकको आन्तरिक र बाह्य पक्षलाई केलाउँनु पाठ्यपुस्तकलाई पाठ्यक्रमअनुरूपताका दृष्टिले अध्ययन गर्नु, विधावितरण र प्रस्तुतीकरण हेर्नुमा मुख्य केन्द्रित रही अनुसन्धान कार्य गरिएको छ । यसमा पाठ्यपुस्तकका सबल र दुर्बल पक्षहरूलाई पनि केलाई निष्कर्ष समेत दिइएको छ । यस अध्ययनमा कक्षा १० को नेपाली उल्लेखित पाठ्यपुस्तक २०५५ र २०६५ का आन्तरिक र बाह्य पक्षमा के कस्तो भिन्नता छन् ? उक्त पाठ्यपुस्तकहरू पाठ्यक्रमअनुरूपकताका दृष्टिकोणले उपयुक्त छन् वा छैनन् ? ती पाठ्यपुस्तकहरूमा विधावितरण र प्रस्तुतीकरण के कस्ता छन् ? यी दुबै पाठ्यपुस्तकका समान र असमान पक्षहरू के के हुन ? जस्ता समस्याहरू पत्ता लगाई समस्या समाधानको लागि सुझाब दिइनेछ । साथै यस अध्ययनको उद्देश्य कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक २०५५ र २०६५ को आन्तरिक र बाह्य आधारमा दुवै पाठ्यपुस्तकहरूको विधावितरण तथा प्रस्तुति का दृष्टिले तुलना गर्नु र भविष्यमा पाठ्यपुस्तक लेखन तथा सम्पादनमा आवश्यक सुधारका लागि आवश्यक सुझाव दिनु रहेको छ ।

## पूर्वकार्यको समीक्षा

सोधकार्यसँग सान्दर्भिक विषयमा विगतमा भएका प्रयासहरूको जानकारी लिनु नै पूर्वकार्यको समीक्षा हो। प्रत्येक अनुसन्धानदाताले आफ्नो अध्ययन क्षेत्रसँग सम्बन्धित र त्यसअघि भए गरेका प्राप्त कामहरूलाई सिलसिलाबद्ध रूपमा प्रस्तुत गरिसकेपछि आफ्नो अध्ययनको आवश्यकता औचित्य र मौलिकता स्पष्ट हुन्छ। त्यसैले यो लेखसँग सम्बन्धित विषयहरूको समीक्षा गर्ने प्रयास गरिएको छ।

भाषा र वक्ताबिच अन्योन्याश्रित सम्बन्ध हुन्छ। त्यसैले विभिन्न उमेर समूहका भाषिक वक्ताहरूमा हुने शब्द भण्डार तथा शब्दहरूको आवृत्ति सम्बन्धी अध्ययनहरू भएका पाइन्छ। सन् १०४६ मा हर्न तथा सन् १९२१ र १९३१ मा थर्न डाइकले पौढहरूको शब्दभण्डारबारे अध्ययन गरेका थिए। त्यसरी नै सन् १९४६ मा बेलायतमा बालकका शब्दाबली सम्बन्धमा एडवार्डस र मिथियानले अध्ययन गरेका थिए। यसैगरी सन् १९४५ मा रिन्सलैण्डले, सन् १९५९ मा जिन पियाजेले, सन् १९३६ मा बाकिङ्घम तथा डोल्चेले र सन् १९२९ मा श्यामवर्णले शब्दभण्डार सम्बन्धी अध्ययन गरेका थिए। विद्यालय जीवनका सुरुका वर्षहरूमा बालबालिकाहरूले दैनिक प्रयोग गर्ने शब्दहरू पत्ता लगाउनु यी अध्ययनको उद्देश्य थियो। यी अध्ययनहरू पाठ्यक्रम पाठ्यपुस्तकको अध्ययनका एक शाखाका रूपमा मात्र रहेका देखिन्छन् (गौतम २०५७ : ५)।

कृष्णगोपाल रस्तोगीद्वारा (सन् १९७५) युनेस्कोको सहयोगमा त्रि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्र ( सेरिड) का लागि गरिएको 'प्रोगेक्ट अन इम्यालुएन अफ महेन्द्रमाला फर क्लास १-५' शीर्षकमा पाठ्यपुस्तकबारे अध्ययन भएको पाइन्छ। त्यसमा पाठ्यपुस्तकमा सम्पादित पाठ्यवस्तुहरू विद्यार्थीहरूको बौद्धिक परिपक्वता भन्दा स्तरीय भएको, शब्दभण्डारको भार बढी भएको, विधागत पाठहरूको संयोजनस्तर नमिलेको, शब्द चयनमा छनोट र स्तरणको पालना नगरिएको, भाषिक सिपहरूका लागि पर्याप्त अभ्यास नभएको जस्ता निष्कर्षहरू निकालिएको थियो।

जेन्स लिटन (सन् १९८९) द्वारा प्राइमरी करिकुलम डेभलपमेन्ट एण्ड डिसिमिनेसन एन्ड टेक्स बुक रिभिजन शीर्षकमा गरिएको अध्ययनमा प्राथमिक तहमा प्रचलित पाठ्यपुस्तकहरूको चर्चा गरिएको छ। यी पाठ्यपुस्तकहरूमा छनोट र स्तरणको ख्याल नगरिएको भन्ने निष्कर्ष निकालिएको छ। दि बेसिक एन्ड प्राइमरी मास्टर प्लान (१९९१-२०००) को 'टेक्स्ट बुक एन्ड अदर मटरिएल्स' शीर्षकमा वर्तमान नेपाली भाषाका पाठ्यपुस्तकहरूको समेत समीक्षा गरिएको छ। समीक्षाका क्रममा नयाँ शब्दहरूको पाठगत वितरण एक रूपमा नभएको, अमूर्त लामा र अप्रचलित शब्दहरू प्रयोग भएका, पाठहरू स्तरअनुसार नभएका जस्ता कमजोर पक्षहरू औंल्याइएको छ (रमेशचन्द्र, इन्साइक्लोपेडिया अफ एजुकेशन इन साउथ एसिया, सन् २००१ : १७६)।

प्राप्त सामग्रीका आधारमा हेर्दा भाषा शिक्षणका क्रममा भाषा पाठ्यपुस्तकका बारेमा अध्ययन गर्न थालिएको अवस्था सन् १९७० मा हो। यो अध्ययन भारतको राष्ट्रिय शैक्षिक अनुसन्धान प्रशिक्षण केन्द्र (NCER) द्वारा सम्पन्न भएको हो। उक्त अध्ययन 'प्रिपरेसन अफ इभ्यालुएसन अफ टेक्स्ट बुक्स इन मदर टङ' विषयमा गरिएको छ। यस अध्ययनले भाषा पाठ्यपुस्तक तयार कसरी गर्नुपर्छ भन्ने सैद्धान्तिक धारणालाई अगाडि ल्याइएको छ।

त्यस्तै नेपालका सन्दर्भमा पनि प्राप्त सामग्रीलाई हेर्दा हेमाङ्गराज अधिकारीले त्रिभुवन विश्वविद्यालय नेपाली विषय शिक्षकहरूको प्रथम राष्ट्रिय अधिवेशन (२०३४) मा एउटा कार्यपत्र प्रस्तुत गरेको देखिन्छ। उनले सो पत्रमा माध्यमिक तहको नेपाली भाषा शिक्षणको र पाठ्यवस्तुको समीक्षा भन्ने उपशीर्षक राखी कक्षा ६ देखि १० सम्मका पाठ्यपुस्तकहरूमा रहेका विधा र भाषातत्त्वको सङ्क्षिप्त चर्चा गरेका छन्। त्यसरी नै 'प्रारम्भिक नेपाली शिक्षण' वि.स.२०५४ भन्ने पाठ्यपुस्तकमा हेमाङ्गराज अधिकारी र केदार

प्रसाद शर्माले नेपाली भाषा शिक्षण विधि उल्लेख गर्नाका साथै उक्त पुस्तकको परिशिष्टमा नेपाली भाषा पाठ्यपुस्तकको विश्लेषण गर्दै पाठ्यपुस्तक अध्ययनको पद्धतिको ढाँचा समेत दिएका छन ।

नेत्र प्रसाद पौडेलले स्नातकोत्तर तहको शोधपत्र (वि.सं.२०५५) मा कक्षा ६को हाम्रो नेपाली किताब र सरल नेपाली श्रृखलाको तुलनात्मक अध्ययन गरेका छन् । उनले उक्त शोधमा आन्तरिक र बाह्य विशेषताका आधारमा भाषा पाठ्यपुस्तकको विश्लेषण गरेका छन् । उक्त अध्ययनमा हाम्रो नेपाली किताबमा खास रुचि, उमेर, क्षमताअनुसार मनोवैज्ञानिक पक्षलाई विशेष ध्यान दिन नसकिएको निष्कर्ष निकालिएको छ । सरकारी पाठ्यपुस्तकको तुलनात्मक शृङ्खला केही बोझिलो भएको टिप्पणी पनि पौडेलले गरेका छन् ।

गेहनाथ गौतम (वि.सं. २०५७) ले कक्षा ५ को मेरो नेपाली किताव र सजिलो नेपाली मालाको तुलनात्मक अध्ययन गरेका छन् । यसमा मेरो नेपाली किताबमा विधाको रखाइक्रम दोहोरिएको छ । सजिलो नेपाली मालामा विषयक्षेत्रको उचित प्रतिनिधित्व हुन सकेको छैन । दुवैमा सामग्री, विधा सङ्ख्या र पाठ्यसङ्ख्याको दृष्टिले कमजोर देखाएका छन् ।

सर्वराज आचार्यले (वि.सं. २०५८) मा कक्षा १ र २ को सजिलो नेपाली माला र नयाँ नेपाली शृङ्खलाको तुलनात्मक अध्ययन गरेका छन् । उक्त शोधपत्रमा सजिलो नेपाली मालकामा विषयवस्तुको प्रस्तुति र विवरणमा सन्तुलन क्रमबद्ध स्तरण गरिएको देखिन्छ । नयाँ नेपाली शृङ्खलामा विषयवस्तुको विविधताको कमी, प्रस्तुति र क्रमबद्ध स्तरणको अभाव, विषयवस्तुको सन्तुलन नभएको र भाषिक सिप अभ्यासको कमी भएको कुरा निष्कर्षमा देखाइएको छ ।

कमलराज खनालले (वि.सं. २०५९) मा कक्षा ४ को मेरो नेपाली किताब र सजिलो नेपाली मालाको तुलनात्मक अध्ययन गरेका छन् । भाषा पाठ्यपुस्तकको आन्तरिक र बाह्य आधार अध्ययन गरिएको उक्त शोध अध्ययनअनुसार विधागत पाठहरूको रखाइक्रम समग्रमा सजिलो नेपाली मालामा भन्दा मेरो नेपाली किताबमा राम्रो देखिएको कुरा निष्कर्षमा दिइएको देखिन्छ ।

प्रकाश घिमिरेले (वि.स. २०६०) हाम्रो नेपाली किताब कक्षा ८ र सजिलो नेपालीमाला कक्षा ८ को तुलनात्मक अध्ययन शीर्षकमा शोधकार्य गरेका छन् । उक्त अध्ययनमा हाम्रो नेपाली किताब र सजिलो नेपालीमालाको तुलनामा पाठ्यक्रमसँग नजिक भएजस्तो देखिए पनि विधाको क्षेत्रलाई समेट्न नसकिएको निष्कर्ष निकालिएको छ ।

मदनराज बराल (वि.सं. २०६१) द्वारा कक्षा ७ को महेन्द्रमाला र हाम्रो नेपाली किताबको तुलनात्मक अध्ययन नामक शोधपत्र मुख्यतः पुस्तकालयीय विधिको प्रयोग गरी पाठ्यपुस्तकको सुरुमै कविता राखिएको छ, जुन पछाडि राखिएका भन्दा अप्ठ्यारा छन् । बालमनोविज्ञान, बालरुचि, भाषिक प्रस्तुति वा शैलीका दृष्टिले हाम्रो नेपालीका पाठहरू सरल छन् । शब्दकोशको प्रयोग गर्ने तरिका, पाठको अन्त्यमा सिर्जनात्मक अभ्यास हाम्रो नेपालीमा छ तर महेन्द्रमालामा नभएको निष्कर्ष निकालिएको छ ।

दीपा चापागाई (वि.सं. २०६३) द्वारा कक्षा ६को हाम्रो नेपाली किताब र सजिलो नेपाली माला ६बिच तुलनात्मक अध्ययन पूर्ववर्ती अध्ययताहरूले गरेको अध्ययनलाई आधार मानी विधाहरूको सन्तुलन पक्ष र पाठहरूको निर्माण तथा विधाहरको आकारगत हिसाबमा केन्द्रित भइ तुलनात्मक अध्ययन गरको देखिन्छ ।

राधा भट्टराई (वि.सं. २०६४) ले कक्षा १० को महेन्द्रमाला २०३० र नेपाली पाठ्यपुस्तक २०६० को तुलनात्मक अध्ययन गरेकी छिन् । उक्त अध्ययनमा विभिन्न आधारमा रही तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ । जसमा महेन्द्रमाला २०३० र नेपाली २०६० मा पाठगत समानता नभएको, पाठ्यपुस्तक पाठ्यक्रमअनुरूपताको आधारमा चयन हुन नसकेको , माध्यमिक तहको महेन्द्रमालामा कथा र कविता

विधा ८ तोकिएकोमा कक्षा ९ मा कविता ७ वटा मात्र समावेश गरिएको छ र कक्षा१० नेपालीमा भने कुन विधामा कति भनी सङ्ख्या नतोकिएको तथा वाक्यगठन पनि तहअनुरूप नरहेको भन्ने टिप्पणी गरेको पाइन्छ । त्यस्तै महेन्द्रमाला २०३० ले लेखाइ सिपलाई मात्र बढी मात्रामा प्राथमिकता दिइएको र २०६० को नेपाली पाठ्यपुस्तकले भने चारै सिपको विकासमा जोड दिएको निष्कर्ष निकालिएको छ । त्यसैगरी भाषिक संरचाना र नमुना अभ्यासहरूमा २०३० ले असमानता देखाएको छ । २०६० को भाषा पाठ्यपुस्तकले यी भाषिक संरचना र नमुना अभ्यासमा चारै सिपअनुसार समान प्रकृतिमा जोड दिएको निष्कर्ष निकालिएको पाइन्छ । यही सोधग्रन्थसँग २०५५ र २०६५ को संशोधित नयाँ र पुरानो पाठ्यपुस्तकको तुलनात्मक विश्लेषण गरिएको अनुसन्धानमूलक लेख मेल खान्छ ।

## अध्ययन विधि

अध्ययनको उद्देश्य निश्चित गरी सकेपछि त्यसलाई अगाडि बढाउनको लागि केही प्रक्रिया आवश्यक हुन्छन् । प्रस्तुत लेखलाई पूर्ण रूप दिनका लागि सामग्री सङ्कलनका क्रममा यसपूर्व भए गरेका भाषा पाठ्यक्रम र पाठ्यपुस्तकको अध्ययनबाट साथै मुख्य रूपमा पुस्तकालयीय अध्ययनबाट, विभिन्न पत्रपत्रिकामा प्रकाशित अनुसन्धानात्मक लेख, रचना तथा पाठ्यपुस्तकबाट र प्रस्तुत विषयका पाठ्यक्रम र पाठ्यपुस्तकबाट गरिएको छ । यस लेखमा निम्न विधिहरू अपनाइएको छ । प्रस्तुत अध्ययन सैद्धान्तिक प्रकृतिको भएकाले यसलाई पुस्तकालय विधिको अवलम्बन गरी निष्कर्षसम्म पुग्ने प्रयत्न गरिएको छ ।

### पुस्तकालयीय विधिः

यस विधिअनुसार सर्वप्रथम प्रारम्भिक सामग्रीका रूपमा शीर्षकसँग सम्बन्धित नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र, सानोठिमीद्धारा तयार पारिएको माध्यमिक नेपाली भाषा पाठ्यक्रम २०५५ र परिमार्जित पाठ्यक्रम २०६४ सङ्कलन गरियो । पाठ्यक्रम सङ्कलन गरी प्राप्त सामग्रीहरूलाई रुजु, पठन, वर्गीकरण साथै विश्लेषण गरी निष्कर्षमा पुगियो । तिनै पाठ्यक्रमका आधारमा तयार पारिएका कक्षा १० का पाठ्यपुस्तक सङकलन गरी तिनको अध्ययन विश्लेषण गरिएको छ । त्यसैले प्रस्तुत अध्ययन पुस्तकालयीय विधिका साथै तुलनात्मक विश्लेषणात्मक विधिद्वारा सम्पन्न गरिएको छ ।

### तुलनात्मक विधिः

यस लेखका शीर्षकलाई सहयोग पुऱ्याउने दुई भाषा पाठ्यपुस्तक बिच तुलना गरिएको शोध पत्रहरूका साथै माध्यमिक तहका पाठ्यक्रमलाई तुलना गर्न सम्बद्ध पूर्वकार्य, पुस्तक, कार्यपत्र, अध्ययन प्रतिवेदन विषय विशेषज्ञ तथा विद्वानबाट प्राप्त निर्देशनलाई आधार मानी प्राप्त सामग्रीलाई वर्णनात्मक विधिबाट तुलना गरिएको छ । विश्लेषण गर्दा वर्णनात्मक विधिको पनि उपयोग गरिएको छ ।

### पाठ्यक्रमअनुरूपता अध्ययन विधिः

यस विधिबाट अध्ययन गर्दा माध्यमिक पाठ्यक्रम २०५५ र संशोधित २०६४ लाई आधार मानी आन्तरिक वा शैक्षिक पक्षमा विद्यार्थीको मानसिक स्तर, तह, पूर्व शैक्षिक अनुभव, भाषिक सिप विकास, नैतिक मूल्यमान्यता अभिवृद्धि गर्ने विषयवस्तु, सरलबाट जटिल तथा ज्ञातबाट अज्ञात, अज्ञातबाट विशिष्टको क्रम, भाषा सरल एवम् व्यावहारिक वाक्यपठन, शब्दभण्डार, शब्दको अर्थ, उखानटुक्का पर्यायवाची शब्द , विपरीतार्थक शब्द, अनुकरणात्मक शब्द , श्रुतिसमभिनार्थक शब्द, परिभाषिक शब्द, व्याकरणका पक्षहरू विषयवस्तु, विधागत प्रस्तुति , भाषिक संरचना, नमुना अभ्यास, चित्र र भूमिका निर्देशन जस्ता पक्षलाई आधार बनाइनेछ ।

बाह्य तथा भौतिक पक्ष अन्तर्गत आवरण पृष्ठ, आकार साइज, छपाइ कागज, बधाइ मूल्य, सुलभता जस्ता आधारद्वारा विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

## भाषा पाठ्यपुस्तकको तुलनात्मक विश्लेषण

### पाठ्यक्रमअनुरूपताका आधारमा कक्षा १० को नेपाली पाठ्यपुस्तक २०५५ र २०६५ को तुलनात्मक विश्लेषण

भाषा पाठ्यपुस्तक अध्ययन गर्दा पाठ्यक्रमअनुरूपताको स्थितिलाई केलाउनुपर्ने हुन्छ । तसर्थ पाठ्यक्रमअनुसार पाठ्यपुस्तकका पाठहरू राखेर मात्र विद्यार्थीहरूलाई निश्चित मार्गदर्शन गर्न सकिन्छ । देशको राष्ट्रिय आवश्यकता अनुरूप पाठ्यक्रम निर्धारण गरिन्छ भने पाठ्यक्रमअनुरूप पाठ्यपुस्तक निर्धारण गरिन्छ ।

कक्षा १० को २०५५ को नेपाली पाठ्यपुस्तक र सोही तहको २०६५ को पाठ्यपुस्तकको पाठ्यक्रमअनुरूपकताका आधारमा अध्ययन विश्लेषण गरिएको छ । यहाँ दुई पाठ्यपुस्तकको पाठ्यक्रमअनुरूपकताका आधारमा सङ्क्षिप्त तुलना गरिएको छ । यसका लागि सबै भन्दा पहिले तलको तालिकामा पाठ्यक्रममा व्यवस्था भएअनुसारका विधाको क्षेत्र र क्रमको निर्धारण प्रस्तुत गरिएको छ ।

**कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०५५ र २०६५ को तुलना**

| क्र.सं. | विधा | पाठ्यक्रम | नेपाली भाषा पाठ्यपुस्तक २०५५ | नेपाली भाषा पाठ्यपुस्तक २०६५ |
|---|---|---|---|---|
| १. | प्रबन्ध निबन्ध | – सामाजिक<br>– सांस्कृति<br>– बैज्ञानिक तथा प्राविधि<br>– कलाकौशल तथा सौन्दर्य<br>– व्यावसायिक वस्तुपरक र आत्मपरक | – वैज्ञानिक<br>– कलाकौशल<br>– व्यावसायिक | – सामाजिक<br>– कलाकौशल<br>– वैज्ञानिक |
| २ | कथा | – लोककथा<br>– पौराणिक कथा<br>– ऐतिहासिक कथा<br>– आधुनिक कथा<br>– सामाजिक कथा<br>– मनोवैज्ञानिक कथा | – पौराणिक<br>– बालमनोवैज्ञानिक | – सामाजिक<br>– मनोवैज्ञानिक<br>– अन्तर्राष्ट्रिय |
| ३. | जीवनी | – राष्ट्रिय<br>– राजनीतिक<br>– साहित्यिक र कला सम्बन्धी<br>– विचारक<br>– अन्तर्राष्ट्रिय | – राष्ट्रिय र अन्तराष्ट्रिय<br>– साहित्यिक, कला र राजनीतिक<br>– प्रेरक व्यक्तित्व<br>– विचारक | – राष्ट्रिय<br>– राष्ट्रिय अन्तर्राष्ट्रिय |

| | | | | |
|---|---|---|---|---|
| | | – राजनीतिक<br>– आविष्कार | | |
| ४. | रूपक | – संवाद<br>– वादविवाद<br>– मनोवाद<br>– वक्तृता<br>– एकाङ्की | – वादविवाद<br>– मनोवाद<br>– वक्तृता | – वादविवाद<br>– मनोवाद<br>– वक्तृता |
| ५. | कविता | – नीतिप्रधान<br>– प्रकृतिप्रधान<br>– इतिहासप्रधान<br>– संस्कृतिप्रधान<br>– समाजप्रधान | – इतिहासप्रधान<br>– संस्कृतिप्रधान | – नीतिप्रधान<br>– प्रकृतिप्रधान<br>– इतिहासप्रधान |
| ६. | चिठी | – घरायसी<br>– विद्यालयीय<br>– कार्यालयीय/व्यापारिक<br>– निवेदन | – व्यापारिक चिठी | – व्यापारिक चिठी |

पाठ्यक्रमअनुरूपताका आधारमा कक्षा १० को अनिवार्य नेपाली पाठ्यपुस्तक २०५५ र २०६५ को अध्ययनमा पाठ्यक्रमले निर्धारण गरेका क्षेत्र, विधाक्रम उद्देश्यअनुसार भए नभएको अध्ययन गरिन्छ। पाठ्यक्रमले तोकेअनुसार क्रम, क्षेत्र र विधा नेपाली पाठ्यपुस्तक २०५५ मा समावेश गरिएको छैन। २०५५ को पुस्तकमा भाषाका चारै सिप विकास गर्ने अभ्यास बढी मात्रामा समावेश भएका छन्। तुलनात्मक रूपले हेर्दा नेपाली पाठ्यपुस्तक २०६५ मा पाठ्यक्रमले तोकेअनुसारको विधा, क्षेत्र र क्रम मिलाइएको छ। भाषाका चारै सिप विकास गर्ने नमुना अभ्यासहरू समावेश छन्। भाषातत्त्व समावेश हुने अभ्यास राखिएका छन्। सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता सिप विकास गर्न प्रशस्तै अभ्यास राखिएका छन्। तसर्थ, यी दुवै पाठ्यपुस्तकका विधा, क्रम, क्षेत्र र नमुना अभ्यास, भाषिक सिप विकास जस्ता पक्षमा समानता छैनन्। त्यसैले यी पाठ्यपुस्तकको पाठ्यक्रमअनुरूप भएको देखिँदैन।

## कक्षा दशको नेपाली पाठ्यपुस्तक २०५५ र २०६५ को आन्तरिक र वाह्य आधारमा तुलना

### बाह्य आधारमा निर्धारित दुई पाठ्यपुस्तकको तुलनाः

#### आवरण पृष्ठः

कक्षा १० को २०५५ को नेपाली पाठ्यपुस्तकमा हरियो पृष्ठभूमिमा सेता र निलो रङ्गको समुचित प्रयोग भएको देखिन्छ भने २०६५ को पाठ्यपुस्तकमा हल्का सेता र हल्का गुलाबी रङ्गको संयोजन भएको देखिन्छ। २०५५ को पाठ्यपुस्तकमा निलो हिमाल र बिचमा सेतो गोलाकार भित्र पशुपतिको पूर्वपट्टिको दृश्य पनि अङ्कित गरिएको थियो भने २०६५ को पुस्तकमा बृत्तकार भित्रको पशुपतिनाथको चित्र हटाइएको छ र प्लाष्टिकले मोरिएको छैन। २०५५ को भाषा पाठ्यपुस्तकमा आवरण पृष्ठको डिजाइन टार्जन राईले गरेका हुन भने २०६५ को भाषा पाठ्यपुस्तकको डिजाइन श्री हरि श्रेष्ठबाट गरिएको छ।

**बनोटः** बनोटका दृष्टिकोणले हेर्दा २०५५ को पाठ्यपुस्तक भन्दा २०६५ को पाठ्यपुस्तक केही मोटो छ। २०५५ को पाठ्यपुस्तकमा २४.२ से.मि. लम्बाइ, चौडाइ १७.७ से.मि.र मोटाइ ०.९ से.मि. छ जसमा १४१ पृष्ठ रहेका छन् भने २०६५ को पाठ्यपुस्तकमा २४.२ से.मि. लम्बाइ, चौडाइ १७.७ से.मि.र मोटाइ ०.८ से.मि. छ जसमा १४८ पृष्ठ रहेका छन्। यी दुवै पाठ्यपुस्तक बनोटका दृष्टिले उपयुक्त नै छन्।

**अक्षर, आकार र ठाउँ छोडाइ** : २०५५ को नेपाली पाठ्यपुस्तकमा १२ पोइन्ट देखि २४ पोइन्टसम्मका अक्षर छापिएका छन्। विद्यार्थीको आँखामा असर गर्ने गरी १२ पोइन्टको अक्षर साथै अक्षरअक्षर, शब्दशब्द पङ्क्ति, अनुच्छेद आदिमा भएको ठाँउ छोडाइ सहज र स्वभाविक छैन भने २०६५ को पाठ्यपुस्तकमा परिमार्जन गरी १५ पोइन्टको फन्टको पाठहरू साथै विधा, पाठशीर्षक, शब्दार्थ, अभ्यास, व्याकरण अभ्यास आदि विभिन्न आकारमा राखिएको छ। वर्णवर्ण शब्दशब्द, वाक्यवाक्य, हरफहरफ र अनुच्छेद अनुच्छेदका बिचको अन्तराल उपयुक्त भएको देखिन्छ।

**छपाइ र बँधाइः** २०५५ को नेपाली पाठ्यपुस्तकमा छपाइमा जनकशिक्षा सामग्री केन्द्रको प्राविधिक पक्ष कमजोर देखिन्छ। सानो फन्टमा पुस्तक छापेर छपाइको गुणस्तर घटेको छ। बँधाइमा स्टिच लगाइएको छ। त्यस्तै २०६५ को पाठ्यपुस्तकमा पनि सामान्य जानकारी र विशेष जानकारीलाई छायाँपटमा प्रस्तुत गरिएको छ। अरु उपयुक्त ढङ्ग, ढाँचामा प्रस्तुत भएका देखिन्छन्। यस पाठ्यपुस्तकको बँधाइलाई राम्रो मान्न सकिदैन।

**कागजको स्तरः**

२०५५ को पाठ्यपुस्तकमा एकै किसिमको सफा, सेतो र चिप्लो कागजको प्रयोग हुन सकेको छैन। आवरण पृष्ठमा १२५ ग्राम भन्दा कम गुणस्तरको कागज प्रयोग भएको छ भने भित्री पृष्ठमा ४८ ग्राम जतिको कागज प्रयोग गरिएको छ। कागजको गुणस्तर राम्रो छैन। २०६५ को पाठ्यपुस्तकमा कागजको स्तरमा केही सुधार गरिएको छ। मध्यम स्तरको कागज छ। आवरण पृष्ठ १५० ग्रामको र भित्री पृष्ठ ४५ ग्रामको छ।

**मूल्यः** २०५५ को पाठ्यपुस्तकमा छपाइ, कागजको स्तर र अक्षरको अकार आदिमा भएको लगानी कटौती गरी मूल्य कम गरेको जस्तो लाग्छ। यस पुस्तकको मूल्य ३८ रूपैया ५० पैसा मात्र छ। यो राहत मूल्य हो। त्यस्तै २०६५ को पाठ्यपुस्तकमा पनि ३९ रूपैया ५० पैसा मा उपलब्ध गराइएको छ। यसलाई राहत मूल्य मान्न सकिन्छ। यी दुवै पाठ्यपुस्तकको मूल्यलाई राहत मूल्य मान्न सकिन्छ।

## आन्तरिक आधारमा निर्धारित दुई पाठ्यपुस्तकको तुलनाः

**विषयवस्तुः** भाषा पाठ्यपुस्तकमा समावेश गरिने विषयवस्तु नै त्यस पुस्तकको केन्द्रिय र महत्वपूर्ण पक्ष हो। कक्षा १० को नेपाली पाठ्यपुस्तक २०५५ मा राखिएका विषयवस्तुको सामान्यः पौराणिक, आधुनिक, नैतिक, ऐतिहासिक राष्ट्रिय र अन्तर्राष्ट्रिय आदि विषयसँग सम्बन्धित क्षेत्रको प्रतिनिधित्व गर्ने किसिमका देखिन्छन्। यस किसिमका विषयवस्तुबाट पौराणिक ऐतिहासिक विषयवस्तुको ज्ञान राष्ट्रिय अन्तर्राष्ट्रिय विचारक र आविष्कारको प्रेरणा र नैतिक चरित्रवान जस्ता पक्षमा जोड दिएको पाइन्छ भने कक्षा १० को नेपाली पाठ्यपुस्तक २०६५ मा राखिएका विषयवस्तुले सामान्यतः पौराणिक, नैतिक, ऐतिहासिक राष्ट्रिय र अन्तर्राष्ट्रिय आदि विषयसँग सम्बन्धित क्षेत्रको प्रतिनिधित्व गर्ने किसिमका देखिन्छन्। यी विषयवस्तुले प्रकृतिप्रधान, नीतिप्रधान, इतिहासप्रधान तथा कलाकौशल, वैज्ञानिक सामाजिक नैतिक चरित्र प्रदान गर्ने जस्ता पक्षमा जोड दिइएको पाइन्छ।

यी पाठ्यपुस्तकमा राखिएका विषयवस्तुलाई निम्न तालिकामा प्रस्तुत गरिन्छ :

| क्र. सं. | पाठ्यपुस्तक | कविता | कथा | निबन्ध/प्रबन्ध | रूपक | जीवनी | चिठी |
|---|---|---|---|---|---|---|---|
| १. | नेपाली पाठ्यपुस्तक २०५५ | सांस्कृतिक ऐतिहासिक | आधुनिक पौराणिक | वैज्ञानिक कलाकौशल व्यवसायिक | मनोवाद वादविवाद वक्तृता | राष्ट्रिय विचारक र अन्तर्राष्ट्रिय विचारक | व्यापारिक |
| २. | नेपाली पाठ्यपुस्तक २०६५ | नीतिप्रधान प्रकृतिप्रधान इतिहास प्रधान | सामाजिक मनोवैज्ञानिक पौराणिक | सामाजिक कलाकौशल वैज्ञानिक | मनोवाद वादविवाद एकांकी | राष्ट्रिय विचारक र अन्तर्राष्ट्रिय विचारक | व्यापारिक |

यी पाठहरूको प्रत्येक पृष्ठमा कठिन शब्दहरू र अर्थ पनि दिएको छ।

**विधाको प्रस्तुति :** पाठ्यवस्तुमा राखेका विधाहरूको फरक फरक प्रस्तुति हुन्छन्। कक्षा १० नेपाली पाठ्यपुस्तक २०५५ मा विधा संयोजनका हिसावले कविता, कथा, निबन्ध, जीवनी, रूपक, चिठी, दैनिकी गरी जम्मा १५ वटा पाठ राखिएका छन् भने नेपाली पाठ्यपुस्तक २०६५ मा कविता, कथा, निबन्ध, जीवनी, रूपक, चिठी गरी १६ वटा पाठहरू राखिएका छन्। माध्यमिक शिक्षा (अनिवार्य नेपाली) पाठ्यक्रम २०५५ र २०६५ ले निर्दिष्ट गरेको विधा र तिनको सङ्ख्या तालिकामा उपर्युक्त भिन्नतालाई यसरी देखाउन सकिन्छ।

| विधा | नेपाली भाषा पाठ्यपुस्तक २०५५ मा समावेश भएका विधा संख्या | नेपाली भाषा पाठ्यपुस्तक २०६५ मा समावेश विधा र व्याख्या |
|---|---|---|
| कविता | २ | ३ |
| कथा | २ | ३ |
| निबन्ध/प्रबन्ध | ३ | ३ |
| रूपक | ३ | ३ |
| जीवनी | ४ | ३ |
| चिठी | १ | १ |
| जम्मा | १५ | १६ |

पाठ्यक्रमको निर्देशनअनुसार दुवै पाठ्यपुस्तकमा विधाहरू समान छैनन्।

भाषिक संरचनाः भाषिक संरचना भन्नाले वाक्य अनुच्छेद गठन र पठनको संरचना आदिलाई बुझाउछ। यस लेखमा सबैभन्दा लामो र छोटो पाठ, पाठमा प्रयुक्त शब्द, वाक्य अनुच्छेद संख्या के कस्ता रहेका छन् भनी तुलना गर्न तलको तालिका प्रयोग गरिएको छ।

भाषा पाठ्यपुस्तकमा प्रयुक्त वाक्य र अनुच्छेदको विवरणः

| | वाक्य | | अनुच्छेद | | पाठ (सानोदेखि ठुलो) | |
|---|---|---|---|---|---|---|
| | शब्द | शब्द | वाक्य | शब्द | वाक्य | अनुच्छेद |
| नेपाली पाठ्यपुस्तक २०५५ | १-३७ | १-४२ | १-३० | ६२८-१७५१ | ३२-१५० | ५-११ |
| नेपाली भाषा पाठ्यपुस्तक २०६५ | १-३७ | १-४२६ | १-३० | २१३-२१२८ | १८-२२९ | ५-४८ |

यी दुवै पाठ्यपुस्तकको तुलना गर्दा भाषा पाठ्यपुस्तक २०५५ मा कमै देखिन्छ।

**नमुना अभ्यास** : भाषिक सिप विकास गर्न नमुना अभ्यासको महत्वपूर्ण भूमिका हुन्छ । कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक २०५५ र नेपाली भाषा पाठ्यपुस्तक २०६५ बिचको तुलनामा अधिकांश नमुना अभ्यासहरूमा समानता नै छ भने थोरैमा मात्र असमानता छ । २०६५ को पुस्तकमा प्रशस्त नमुना अभ्यास दिइएको छ जसले विद्यार्थीहरूको बोध क्षमता, सिर्जनशील क्षमता, तार्किक क्षमता प्रयोगात्मक क्षमता आदि बढाउने सम्भावना देखिन्छ ।

नेपाली भाषा पाठ्यपुस्तक २०५५ र २०६५ को नमुना अभ्यासका प्रकार र सङ्ख्या :

| नमुना अभ्यासको प्रकार | २०५५ को नमुना पाठ्यपुस्तकको अभ्यास संख्या | २०६५ को पाठ्यपुस्तकको नमुना अभ्यास संख्या |
|---|---|---|
| १. मौखिक उत्तर | १० | १० |
| २. अति संक्षिप्त उत्तर | ७ | ६ |
| ३. संक्षिप्त उत्तर | ११ | १४ |
| ४. विवेचनात्मक | ११ | ९ |
| ५. सप्रसङ्ग व्याख्या | ९ | १२ |
| ६. व्याख्या | ७ | ६ |
| ७. वाक्यमा प्रयोग | १५ | १७ |
| ८. सस्वर वाचन | ६ | ७ |
| ९. उच्चारण अभ्यास | ९ | १५ |
| १०. शब्दको अर्थ | १३ | १४ |
| ११. सिर्जनात्मक अभ्यास | १३ | १६ |
| १२. स्वतन्त्र रचना | ४ | ४ |
| १३. शुद्ध लेख्ने | ३ | ७ |
| १४. बुदा टिपोट | ४ | ४ |
| १५. श्रुतिलेखन | १ | २ |
| १६. भाषातत्त्व | १९ | १८ |
| १७. शब्दभण्डार | ४ | ४ |
| १८. पाठको सार | - | ४ |

**चित्र** : २०५५ र २०६५ को नेपाली भाषा पाठ्यपुस्तकहरूको चित्र तुलना गर्दा २०६५ को चित्रले कथ्यलाई वहन गर्न सकेको देखिँदैन् । सबै पाठहरूमा चित्र संयोजन गरिएको भनिएतापनि चित्रहरू आकर्षक छैनन् भने २०५५ को पाठ्यपुस्तकमा तुलनात्मक रूपमा कथ्यलाई वहन गर्ने उद्देश्यले चित्रहरू समावेश गरिएको छ ।

नेपाली पाठ्यपुस्तक २०५५ र २०६५ को पाठ्यपुस्तकमा संयोजित पाठ र चित्रहरू

| पाठको संख्या | २०५५ को पाठ्यपुस्तकका चित्रहरू | २०६५ को पाठ्यपुस्तकका चित्रहरू |
|---|---|---|
| १ | १ | १ |
| २ | १ | २ |
| ३ | ३ | ३ |
| ४ | ४ | ४ |

| | | |
|---|---|---|
| ५ | ३ | ३ |
| ६ | ३ | ३ |
| ७ | १ | ३ |
| ८ | ३ | ४ |
| ९ | १ | ३ |
| १० | ३ | ३ |
| ११ | ३ | १ |
| १२ | ३ | ० |
| १३ | १ | १ |
| १४ | २ | ५ |
| १५ | ४ | २ |
| १६ | - | २ |

## २०५५ को नेपाली भाषा पाठ्यपुस्तकको सबल र दुर्बल पक्षहरू

**सबल पक्षहरू :**

२०५५ को अनिवार्य नेपाली भाषा पाठ्यपुस्तकको मूल्य कम छ। भाषिक सिप (सुनाई बोलाइ, पढाइ र लेखाइसँग सम्बन्धित उद्देश्यहरू राखिएका छन्। सिर्जनात्मक अभ्यास बढाउने खालका नमुना अभ्यासहरू छन्। प्रत्येक पाठको अभ्यासमा भाषातत्त्व समावेश गरिएको छ। यस पाठ्यपुस्तकका वाक्यहरू लामा छन् साथै शिक्षण प्रक्रिया समावेश गरिएको छ। कठिन शब्दहरूको अर्थ पाठमा दिइएको छ र लेखाइ सिपको विकास गर्ने स्वतन्त्र किसिमका सिर्जनात्मक अभ्यासहरू राखिएका छन्। प्रत्येक पाठमा आवश्यकताअनुसार विषयवस्तु झल्काउने किसिमका चित्रहरू राखिएका छन्।

**दुर्बल पक्षहरू :**

२०५५ को नेपाली भाषा पाठ्यपुस्तकको मूल्य कम भए तापनि प्रयोग गरिएको कागजको गुणस्तर राम्रो छैन्। यस पाठ्यपुस्तकमा सुनाइ र बोलाइ जस्ता भाषिक सिपका उद्देश्यहरू अलग-अलग दिइएका छैनन्। यस पाठ्यपुस्तकमा नयाँ थप शब्दहरूको ज्ञान गराउने किसिमका शब्दकोश प्रयोग गर्ने नमुना अभ्यास राखिएका छैनन् साथै व्याकरण अभ्यासमा आगमन विधिको उपयोग गर्ने आधुनिक दृष्टिकोणलाई पछ्याए पनि खरो रूपले उत्रन सकेको छैन। माध्यमिक तहका विद्यार्थीहरूका लागि प्रयोग हुने शब्द नभएर एक वाक्यमा १-३० शब्दसम्म रहेका छन् साथै शिक्षण प्रक्रिया उल्लेख गरिएको भए तापनि शिक्षण विधिको छुट्टै उल्लेख गरिएको छैन्। विधा शिक्षण गर्दा कुन-कुन विधि अपनाएर शिक्षण गर्ने भन्ने उल्लेख भएको पाइदैन। भाषिक सिप मध्ये लेखाइ सिपलाई मात्र जोड दिइएको छ साथै पाठमा राखिएका चित्रहरू स्पष्ट र रङ्गीन छैनन्। पाठ्यपुस्तकको आवरण पृष्ठ हेर्नमा स्तरहिन देखिन्छ।

## नेपाली भाषा पाठ्यपुस्तक २०६५ को सबल र दुर्बल पक्षहरू :

**सबल पक्षहरू :**

यस पाठ्यपुस्तकको प्रत्येक पाठको नमुना अभ्यासको अन्त्यमा भाषातत्त्व/व्याकरणका अभ्यासहरू समावेश गरिएको छ। पाठ्यपुस्तकमा विधागत पाठ्यसामग्रीहरू ज्ञानबर्धक एवम् रोचक छन्। विद्यार्थीहरूको

शब्दभण्डारको वृद्धि गर्नका लागि यस पाठ्यपुस्तकमा प्रशस्त नवीन शब्दहरू प्रयुक्त छन् । प्रत्येक पाठमा चित्रहरू समावेश गरिएको छ । यस पाठ्यपुस्तकमा पाठको प्रस्तुतिगत विविधता पाइन्छ । विधाका आधारमा अलग अलग अङ्कभार वितरण गरिएको छ । यस पाठ्यपुस्तकको क्षेत्र र क्रमको स्पष्टीकरण तोकिएको छ । अक्षरको बान्की मिलेको अक्षरको आकार र ठाउँ छोडाइ उपयुक्त भएको देखिन्छ साथै पाठ्यपुस्तकको मूल्यमा सुलभ र पाठ्यपुस्तकको आवरण पृष्ठ आकर्षक छ ।

**दुर्बल पक्षहरू :**

२०६५ को पाठ्यपुस्तकमा व्याकरण शिक्षणलाई प्रयोगात्मक बनाउन प्रयास गरिएको भनिए पनि प्रयोगात्मक हुन सकेको छैन । अपेक्षाकृत रूपमा पाठ्यसामग्रीलाई सन्तुलित ढङ्गबाट पाठ्यपुस्तकमा प्रस्तुत गरिएको पाइँदैन । शब्दकोषको प्रयोग गर्ने खालका अभ्यासहरू राखिएको पाइदैन साथै चित्रहरूलाई आकर्षक रूपमा प्रस्तुत गरिएको छैन । विधाको क्षेत्रगत अङ्कभारमा एकरूपता छैन साथै विषय र विधाअनुसार समय छुट्टयाइएको पाइँदैन । यस पाठ्यपुस्तकमा विधा शिक्षण गर्दा कुन-कुन विधि अपनाएर गर्ने भन्ने कुरा उल्लेख भएको पाइँदैन साथै शिक्षक विद्यार्थी निर्देशनको अभाव छ र पाठ्यपुस्तकको बँधाइ कमजोर हुनुका साथै आवरण पृष्ठ लेमिनेसन गरिएको छैन् ।

## निष्कर्ष

माध्यमिक तहको कक्षा १० को नेपाली भाषा पाठ्यक्रमका आधारमा निर्मित पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित दुवै पाठ्यपुस्तक २०५५ र २०६५ पाठ्यक्रमकै आधारमा तयार पारिएको र यसैका आधारमा अध्ययन अनुसन्धान गरिएको छ । नेपाली भाषा पाठ्यपुस्तक २०५५ र २०६५ को पाठ्यपुस्तक निर्माणका क्रममा विधा र पाठको चयनमा पाठ्यपुस्तकमा विधा र पाठ्यभार शब्दसङ्ख्या नमुना अभ्यास आदिमा सन्तुलन देखिँदैन । नेपाली पाठ्यपुस्तक २०५५ भन्दा २०६५ मा बढी शब्दार्थ दिइएको पाइन्छ । शब्दकोश प्रयोग गर्ने खालका अभ्यास दुवै पाठ्यक्रममा राखिएका छैनन् । भाषाशैली २०५५ को पाठ्यपुस्तक भन्दा २०६५ को पाठ्यपुस्तकमा सरल छ । व्याकरणिक अभ्यासका दृष्टिकोणले दुवै पाठ्यक्रम कमजोर छन् । सुनाइ बोलाइको अनुपातमा अद्यावधिक नै बढी लेखाइ सिप सम्बन्धी अभ्यास दुवै पाठ्यपुस्तकमा राखिएको पाइन्छ । दुवै पाठ्यपुस्तकमा शिक्षण प्रक्रियाको बारेमा उल्लेख गरिएको भएतापनि शिक्षण विधि छुटै रूपमा उल्लेख गरिएको छैन । अक्षरको आकार, ठाँउ छोडाइ, छपाइ आदिका दृष्टिले २०५५ को पाठ्यपुस्तक भन्दा २०६५ को पाठ्यपुस्तक उत्कृष्ट छ । यी दुवै पाठ्यपुस्तक पाठ्यक्रमद्वारा निर्दिष्ट विधाभन्दा बाहिर गएका छैनन् तर नेपाली पाठ्यपुस्तक २०६५ भन्दा २०५५ को पाठ्यपुस्तक पाठसङ्ख्या कम छन् । भाषिक प्रस्तुति एवम् शैलीका दृष्टिले नेपाली पुस्तक २०५५ को भन्दा नेपाली पुस्तक २०६५ का पाठहरू सरल र सरस देखिन्छन । २०६५ को नेपाली पाठ्यपुस्तकको चित्रभन्दा २०५५ को पाठ्यपुस्तकको चित्रहरूले कथ्यलाई वहन गर्न सक्ने देखिन्छन । २०६५ को पाठ्यपुस्तकमा शब्दार्थ दिँदा पाठमा प्रयोग सन्दर्भलाई स्पष्ट पार्न गाढा बान्की प्रयोग गरिएको छ भने २०५५ को पाठ्यपुस्तकमा गाढा अक्षर प्रयोग गरिएको छ । यी दुवै पाठ्यपुस्तकमा लामा-लामा केही वाक्यहरू संरचित छन् । नेपाली पाठ्यपुस्तक २०५५ भन्दा नेपाली पाठ्यपुस्तक २०६५ मा केही बढी शब्दार्थ दिइएको पाइन्छ । दुवै पाठ्यपुस्तकमा पाठहरूको रखाइक्रम सरलबाट जटिलतिर जाने शिक्षाशास्त्रीय पद्धतिलाई अँगाल्न सकेको पाँइदैन । २०५५ को भाषा पाठ्यपुस्तकमा एकै किसिमको सफा सेता र चिप्लो कागजको प्रयोग हुन सकेको छैन भने २०६५ को पाठ्यपुस्तकमा आवरण पृष्ठ १५० ग्रामको र भित्र पृष्ठ ४८ ग्रामको कागज प्रयोग गरिएको छ । यी दुवै पाठ्यपुस्तकमा बँधाइमा धागोको प्रयोग नगरी स्टेप्लर पिन लगाएर आवरण पृष्ठ छापिएकोले पाना खुस्कने सम्भावना छ ।

यी पाठ्यपुस्तकहरूमा विषयवस्तुको संयोजनका दृष्टिले पाठ्यपुस्तकलाई अझ सान्दर्भिक बनाउनका लागि समयानुकुलको विषयवस्तुमा जोड दिनुपर्ने आवश्यकता देखिन्छ । पाठ्यपुस्तकमा भएका पौराणिक र ऐतिहासिक विषयवस्तुको मात्र घटाइ स्तर अनुकुलको बोध र अभिव्यक्ति एवम् सिर्जनात्मक क्षमताको विकास गराउने पाठ्यपुस्तक निर्माण गर्नु बाञ्छनिय देखिन्छ । पाठ्यक्रमअनुसार पाठ्यपुस्तक तयार गर्दा छनौट र स्तरणको नियमलाई ध्यान दिनुपर्ने साथै पाठ्यक्रममा भाषिक सिपको मूल्याङ्कन कसरी गर्ने भन्ने सन्दर्भमा पनि स्पष्ट उल्लेख गरिनुपर्छ । यी दुवै पाठ्यपुस्तकलाई पाठ्यक्रमअनुरूपता बनाउन अझ बढी नयाँ शब्द र भाषिक सिपलाई जोडदिने अभ्यासहरू समावेश गरिनुपर्छ । पाठ्यपुस्तकका व्याकरण सैद्धान्तिक ज्ञानमा जोड नदिई भाषा पाठ्यपुस्तककै अभ्यासबाट धारणात्मक सुझको विकास हुने प्रकृतिका अभ्यास राखी भाषिक सिप विकास तथा बोध अभिव्यक्ति सिप विकास हुने विषयवस्तु समावेश गरिनुपर्छ । पाठ्यपुस्तक निर्माण गर्दा शिक्षाशास्त्रीय नियमलाई ध्यान दिइनु पर्ने देखिन्छ । साथै पाठ्यपुस्तकहरूको आवरण पृष्ठमा थप आकर्षक बनाउनुपर्ने देखिन्छ । यी पाठ्यपुस्तक शिक्षण गराउने शिक्षकलाई सजिलो बनाउनको लागि शिक्षक निर्देशनको व्यवस्था हुनुपर्छ साथै विधा शिक्षण गर्दा उपयुक्त विधि र प्रक्रियाको निर्देशन गर्नुपर्छ । नेपाली भाषाको पाठ्यभारलाई बढाई प्रतिहप्ता ६ घन्टी राखिनुपर्छ । मूल्याङ्कनको लागि यथाचित अङ्कभारको व्यवस्था गरिनुपर्छ साथै निरन्तर मूल्याङ्कनको व्यवस्था गरिनुपर्छ । प्रत्येक पाठको लागि उपयोगी आवश्यक सामग्रीहरू उल्लेख गरिनुपर्छ ।

विद्यार्थीहरूले बुझ्नको लागि पाठ्यपुस्तकमा रोचक सामग्रीहरू, ज्ञानवर्धक र क्रियाकलापमुखी सबै वर्ग समुदायको मार्मिकता झल्काउने बालमनोविज्ञानमा आधारित हुनुपर्छ साथै स्तरअनुकुलको शब्द र वाक्यगठन प्रयोग गरिएको हुनुपर्दछ । पाठमा प्रयोग भएका चित्रहरू स्पष्ट दृष्य र पाठलाई चित्रण गर्ने सम्भव भएसम्म रङ्गीन चित्रहरू प्रयोग भएको हुनुपर्दछ । यसरी समयानुकुल विद्यार्थीको स्तर, क्षमता, उमेरलाई ख्याल गरी पाठ्यक्रम निर्माण गरी पाठ्यक्रमअनुरूपताका आधारमा पाठ्यपुस्तक निर्माण गरेको खण्डमा शिक्षाको राष्ट्रिय नीति र उद्देश्य परिपुर्ति हुन सम्भव छ ।

## सन्दर्भग्रन्थसूची

अधिकारी, हेमाङ्गराज (२०६३), *भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६५), *नेपाली भाषाशिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

के.सी. राजु (२०७५), *कक्षा ९ र १० को वर्तमान नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन विश्लेषण,* काठमाडौं : अप्रकाशित एम.एड. शोधपत्र, महेन्द्ररत्न क्याम्पस ।

घिमिरे, प्रकाश (वि.सं. २०६०), *हाम्रो नेपाली किताब कक्षा ८ र सजिलो नेपालीमाला कक्षा ८ को तुलनात्मक अध्ययन ,* काठमाडौं : अप्रकाशित एम.एड. शोधपत्र, महेन्द्ररत्न क्याम्पस ।

कोइराला, दृष्टि (२०५९), *कक्षा ६ को हाम्रो नेपाली किताबको विश्लेषणात्मक अध्ययन,* काठमाडौं : अप्रकाशित एम.एड. शोधपत्र, त्रिभुवन विश्व विद्यालय ।

गौतम, रामप्रसाद र कोइराला, बन्धु खेम (२०६५), *अनुसन्धान विधि,* काठमाडौं : दीक्षान्त प्रकाशन, कीर्तिपुर ।

ढकाल, शान्ति प्रसाद (२०६५), *भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौं : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेशन ।

ढकाल, शान्ति प्रसाद (२०६६), *नेपाली भाषा शिक्षण परिचय र प्रयोग,* काठमाडौं : शुभकामना प्रकाशन ।

पाठ्यक्रम विकास केन्द (२०५५), *नेपाली किताब कक्षा १०,* भक्तपुर : सानोठिमी ।

पाठ्यक्रम विकास केन्द (२०५५), *माध्यमिक तहको नेपाली पाठ्यक्रम,* भक्तपुर : सानोठिमी ।

बन्धु, चुडामणि (२०५२), *नेपाली भाषाको उत्पति पाँचौ संस्करण,* ललितपुर : साझा प्रकाशन ।

भट्टराई, रामप्रसाद (२०६५), *भाषिक अनुसन्धान विधि,* काठमाडौं : शुभकामना प्रकाशन ।

*भुटान लिटरेचर डट कम,* भुटान : साहित्य परिषद् ।

*इन्साइक्लोपेडिया अफ एजुकेसन इन साउथ एसिया (२००१),* गुगल : बुक्सगुगल डट कम डट एनपी ।

लम्साल, रामचन्द्र र अन्य (२०६६), *नेपाली भाषा शिक्षण,* काठमाडौं : भुँडी पुराण प्रकाशन ।

*नेपालको संविधान :* नेपाल कानुन किताब व्यवस्था समिति, बबरमहल ।

*नेपाली किताब कक्षा १० (वि.सं. २०५५),* पाठ्यक्रम विकास केन्द्र, भक्तपुर ।

*नेपाली किताब कक्षा १० (वि.सं. २०६५),* पाठ्यक्रम विकास केन्द्र, भक्तपुर ।

*एल एम सी रिसर्च जर्नल (२०७७),* सिन्धुली : लाम्पान्टार बहुमुखी क्याम्पस ।

*नेपालका शिक्षा आयोगका प्रतिवेदन (२०७१),* काठमाडौं : मकालु प्रशासन गृह ।

*शिक्षा नियमावली, २०५९ (परिमार्जित सहित)* ।

*राष्ट्रिय जनगणना, (२०६८),* केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय योजना आयोग ।

अर्याल सर्वराज (वि.सं.२०५८), *कक्षा १ र २ का सजिलो नेपालीमाला नयाँ नेपाली श्रृङ्खलाको तुलनात्मक अध्ययन,* काठमाडौं : अप्रकाशित एम.एड. शोधपत्र, त्रिभुवन विश्व विद्यालय ।

शर्मा, गोपिनाथ (२०६२), *नेपालमा शिक्षाको इतिहास, भाग १,* काठमाण्डौं : मकालु बुक्स एण्ड स्टेशनर्स ।